*Received date: January, 2026*
*Accepted date: March, 2026*
*Published date: May, 2026*

# ठिक/बेठिक कथाका नारी पात्रमाहरूमा अन्तर्निहित यौनमनोविज्ञान
# (Sex-psychological Analysis of Female Characters in Right/Wrong Story)

**डा.ठाकुरप्रसाद पोखेल**
सहप्रध्यापक (नेपाली)
Email: tpokhrel6@gmail.com

*शब्दकुञ्जी :* अचेतन, अतृप्त, अहम्, कामेच्छा, चेतन, मानसिकता

*Keywords:* Unconscious, dissatisfaction, ego, sexual desire, consciousness, mentality.

**लेखसार :**
*ठिक/बेठिक कथाका नारी पात्रहरूमा अन्तर्निहित यौनमनोविज्ञान शीर्षकको लेख फ्रायडद्वारा प्रतिपादित मनोविज्ञानका आधारमा तयार पारिएको छ। यहाँ नारी पात्रहरूको यौनसम्बन्धी चाहना र व्यवहारको चित्रण गरिएको छ। यौनलाई इच्छा अनुसार स्वतन्त्र रूपमा भोग गर्ने र पुरुषको संसर्गबाट अलग भएर रहेकाहरूको अवस्थालाई देखाइएको छ। कथयिताका रूपमा रहेकी म पात्र पारिवारिक सम्पन्नता र अहम्का कारण अविवाहित रहेर जीवन यापन गरिरहेका समयमा विगतका घटना वर्णन गर्दै बसेकी छ। आफ्ना साथी सरला र रश्मी विद्यार्थी अवस्थादेखि नै प्रेमीसँग एउटै कोठामा बसेर अध्ययन समाप्त गर्दछन् पछि सहमतीमै अर्कै युवासँग दाम्पत्य जीवन यापन  गर्दछन्। तिनको व्यवहार स्मरण गर्दै जाँदा मानसिक सन्तुष्टिको अभावमा चिन्ताले उसलाई सताएको छ। ऊ यौवनावस्थामा उच्चाहम्का कारण परिवार र आफ्नो योग्यताअनुसार कुनै पुरुष नभएको ठानेर बस्दै जाँदा मानसिक विकृतिद्वारा सताएकी छ। मानोविकृतिद्वारा प्रताडित व्यक्तिहरूको प्रतिनिधि पात्रका रूपमा रहेकी छ। भौतिक सुख भोग गरे पनि यौनेच्छा अपूर्ण रहँदा मानसिक पीडा हुने प्रसङ्ग यो कथामा प्रस्तुत छ। यौनलाई स्वतन्त्रता दिने र पुरुषको निकटताबाट अलग रहने दुई खालका पात्रहरूमा निहित यौन व्यवहारको विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा विषय-परिचय, अध्ययनको विधि, सैद्धान्तिक पर्याधार, कथाको विश्लेषणजस्ता शीर्षकमा केन्द्रित रही जीवनका लागि यौनसन्तुष्टि आवश्यक छ भन्ने निष्कर्ष निकालिएको छ।*

## Abstract

*This article, titled "Sex-psychological Analysis of Female Characters in Right/Wrong Story," is prepared on the basis of psychological theories. It presents the sexual desires and behavioral patterns of female characters. It shows their condition of enjoying sexual freedom according to their wishes and, at times, living separately from male friendship. The main female character, presented in narrative form, remains unmarried due to family prosperity and personal ego, and spends her life recalling past events. Her friends, Sarala and Rashmi, from their student life, live together with their lovers in the same room and complete their studies. Later, with mutual understanding, they enter married life with other young men. While remembering their behavior, the main character feels anxiety due to a lack of mental satisfaction. During her youth, because of excessive ego, she did not find a suitable partner according to her family status and personal expectations, which led her to a psychological disorder. She is portrayed as a representative of individuals affected by mental illness. Although she experiences material comforts, the incompleteness of her sexual desires results in psychological suffering. The story presents the idea that a lack of fulfillment in sexual desire leads to mental*

*pain. It analyzes the sexual behavior present in two types of characters: those who enjoy sexual freedom and those who remain detached from male proximity. The analysis is structured under headings such as introduction, research methodology, theoretical framework, and story analysis. It concludes that sexual satisfaction is essential for a balanced life.*

**विषयपरिचय**

इन्द्रियलाई जबर्जस्ती नियन्त्रण गरेर सधैँ त्यसैको चिन्तन गरिरहने मानिस मिथ्याचारी हुन्छ भन्ने श्रीमद्भगवत्गीताको अध्याय ३को छैठौँ श्लोक यस कथाको आरम्भमा उल्लेख भएको छ। कथामा स्वतन्त्र रूपमा इन्द्रियलाई प्रयोग गर्ने र अहम्‌युक्त व्यक्तिको जीवनमध्ये कुनचाहिँ ठिक हो भन्ने चिन्तन प्रस्तुत भएको भएको पाइन्छ। असन्तुष्ट अवस्थामा पश्चाताप गर्दै वार्धक्य अवस्थामा पुगेकी नारी पात्रको सेरोफेरोमा केन्द्रित छ ठिक/बेठिक कथा। शारदा कोइराला (२०१४) का हास्यव्यङ्ग्य निबन्ध, यात्रासंस्मरण, बालकथा, कथाजस्ता विभिन्न विधाका पुस्तकहरू प्रकाशन भइसकेका छन्। ठिक/बेठिक कथासङ्ग्रह (२०८०) भित्र सामाजिक, यौनमनोविज्ञानजस्ता विषयमा आधारित बारवटा कथाहरू रहेका छन्। यहाँ सम्झौता, खै के खै के, ठिक/बेठिक कथाहरूमा यौनमनोविज्ञानको प्रयोग भएको छ। भौतिक उन्नतितर्फ केन्द्रित युवायुवतीदेखि वृद्धावस्थाका मानिसमा यो प्रकृतिप्रदत्त गुण भएकाले कोही पनि त्यसदेखि अलग हुन सक्दैन। वर्तमान अवस्थामा अर्थोपार्जनका लागि विदेशतर्फ गएका विवाहित महिलापुरुषहरू सम्झौता गरेर केही समयका लागि सहवासमा रहेका हुन्छन्। वर्तमान अवस्थामा पतिपत्नी बिचमात्र हुने हार्दिक प्रेम र सहवासको परम्परा विस्तारै समाप्त हुँदै गएको छ एकातिर भने अर्कातर्फ आफ्नो मनोकाङ्क्षा वा इद्रियजन्य चाहनालाई हठपूर्वक नियन्त्रण गरेर त्यसैको चिन्तनमा केन्द्रित रहने प्रवृत्ति देखिन्छ। यी दुवै कुरा राम्रा होइनन् भन्ने विचार कथाहरूमा प्रस्तुत छ। मानसिक चहनालाई नियन्त्रण गरेर त्यसैको चिन्तनमा केन्द्रित हुनु अथवा स्वतन्त्र रूपमा इच्छानुसार यौनभोगमा लागेर सन्तुष्ट अवस्थामा बाँच्नु ठिक वा बेठिक के हो भन्ने कुरा यस कथामा प्रस्तुत छ। उपर्युक्त कथाका स्रष्टालाई यौन मनोवैज्ञानिक कथाकार भनिए पनि उनका कुन कुन कथामा यौनमनोविज्ञाको प्रयोग भएको छ भन्ने बारेमा व्याख्याविश्लेषण भएको पाइदैन। यौन मनोविज्ञानका आधारमा ठिक/बेठिक कथाको छुट्टै चर्चा भेटिदैन। यहाँ यौनमनोविज्ञानको सिद्धान्त अँगालेर कथाको विश्लेषण गर्नु सान्दर्भिक देखिएको हुँदा उपर्युक्त शीर्षक छनौट गरिएको हो।

प्रस्तुत कथाको विश्लेषण ठिक/बेठिक कथामा यौन मनोविज्ञानको प्रयोग के कसरी भएको छ ? भन्ने समस्यामा केन्द्रित रहेको छ। कथा विश्लेषणका लागि निम्नलिखित शोध्य प्रश्नलाई आधार बनाइएको छ- "ठिक/बेठिक कथामा यौन मनोविज्ञान"। विश्लेषणको ढाँचाका रूपमा कथाका नारी पात्रहरूमा अन्तर्निहित यौन मनोविज्ञान रहेको छ।

उपर्युक्त शोध समस्या र शोध्यप्रश्नको प्राज्ञिक समाधान खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ।

**अध्ययनको विधि**

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक गरी दुई प्रकारका सामग्रीहरूको प्रयोग गरिएको छ। प्राथमिक सामग्रीका रूपमा शारदाप्रसाद कोइराला र उनको ठिक/बेठिक कथासङ्ग्रहलाई लिइएको छ भने द्वितीयक समग्रीमा फ्रायडका यौन मनोविज्ञानको सिद्धान्तसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका र यससँग सम्बन्धित समालोचना उपयोग भएका छन्। यसरी दुईप्रकारका सामग्रीलाई आधार बनाई ठिक/बेठिक कथाको निगमनात्मक विधिद्वारा विश्लेषण गरिएको छ।

**सैद्धान्तिक पर्याधार**

सिग्मन्ड फ्रायडले मनोविश्लेषणका क्रममा यौनलाई जीवनको अत्यावश्यक तत्त्वका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार यौनद्वारा जीवन सञ्चालित हुन्छ। व्यक्तिमा बाल्यावस्थादेखि नै यौन भावनाको विकास हुन पुग्दछ। यसको सम्बन्ध विपरीत लिङ्गीप्रतिको आकर्षण, आत्मिक प्रेम, दया आदि वस्तुसँग रहेको हुन्छ। व्यक्तिको व्यक्तित्व विशिष्ट बन्नु वा कमजोर बन्नुमा यौनको भूमिका प्रमुख हुन्छ। यौनले मानिसलाई बाल्यावस्थादेखि नै आकर्षित गरेको देखिन्छ। यौनाङ्गप्रति शिशु अवस्था वा तीन वर्ष पहिलादेखि नै कौतूहल जाग्दछ। बालकले बालिकाको र बालिकाले बालकको गुप्ताङ्ग देखेर आफ्नो पनि त्यस्तै होस् भन्ने चाहना राख्दछन् (फ्रायड, सन्२००४, पृ.२९१)। व्यक्तिमा भएको इद्‌मले विपरीत लिङ्गप्रति काम भावना विकसित गराउँछ भने उच्चाहम्‌ले त्यसको विरोध गर्न

थाले पश्चात् कामवासना अतृप्त बन्न पुग्दछ । फ्रायडका अनुसार कामेच्छा जीवनका लागि अत्यावश्यक शक्ति हो । सामान्यतया प्रेम, प्रीति, स्नेह, चुम्बन, स्पर्श सम्बोधन जस्ता कार्यहरू कामेच्छा पूरा गर्ने माध्यम हुन् । जीवनमा कामेच्छा पूरा नभए त्यो अचेतनमा गएर बस्दछ (वर्मा, सन्१९८२, पृ.९४) । उच्चाहम्ले जति विरोध गरे पनि इदम्को चाहना सशक्त भई व्यक्ति यौन मार्गैमै प्रवृत्त हुन्छ । मानिसले यौनसम्बन्धी विभिन्न कल्पनाहरू गर्न थालेपछि ज्ञानेन्द्रियका माध्यमबाट उत्तेजना पैदा हुन्छ । वासना परितृप्तिका लागि प्राक्क्रीडा वा पूर्वकार्य हुनु आवश्यक छ । स्पर्श, गन्ध, श्रवण र दृष्टिलाई प्राक्क्रीडाका रूपमा लिइन्छ (एलिस, २०६०, पृ.१८) । यही कार्यबाट मानिसमा यौन सन्तुष्टि प्राप्त हुन्छ ।

स्पर्शद्वारा नै यौन कार्य पूर्ण हुन्छ । एक अर्कामा हुने आलिङ्गन कार्य साधारण रूपमा स्नेहको प्रतीक भए पनि पूर्ण रूपमा यौनकार्यको अभिव्यक्ति हो । सबै प्राणीहरूको स्पर्श महत्त्वपूर्ण कार्यका रूपमा रहेको हुन्छ । यो एक किसिमको चर्मजन्य प्रतिक्रिया हो । एउटा व्यक्तिको संवेदनशील अङ्गले भिन्न लिङ्गका व्यक्तिको संवेदनशील अङ्गमा स्पर्श भयो भने कामानुभूति उत्पन्न हुन्छ । यस्ता अङ्गको एक अर्कासँग स्पर्श हुँदा यौन प्रतिक्रिया उत्पन्न भइदिन्छ । व्यक्ति जति यौन आवेगबाट द्वन्द्वग्रस्त भई विचलित हुँदै जान्छ त्यति नै सुन्दरता, नैतिकता सम्बन्धी मान्यतामा परिवर्तन आउँछ (पृ.२१) गन्धानुभूतिले पनि स्पर्शले जस्तै यौनोत्तेजना वृद्धि गर्दछ । विपरीत लिङ्गको गन्धद्वारा सबै प्राणीहरूमा उत्तेजना हुन्छ । पुरुषहरू नारीको र नारीहरू पुरुषको सुगन्धबाट आकर्षित भई आत्मसमर्पण गर्दछन् । एउटाको शारीरिक सुगन्धले विपरीत लिङ्गको स्नायुलाई उत्तेजित पार्दछ । वैयक्तिक सुगन्धले यौनाकर्षण हुने गर्दछ । (पृ.२५) श्रवण उत्तेजित प्राणीले निकालेको आवाज विपरीत लिङ्गको प्राणीले थाहा पाउनु हो । सङ्गीतको मधुर झङ्कारले प्राणीमा उत्तेजना पैदा गर्दछ र यौनाकर्षणलाई सङ्गीतले सहारा दिन्छ । दृष्टिबाट पनि इन्द्रियहरू सक्रिय भई यौन उत्तेजना वृद्धि हुन्छ । विपरीत लिङ्गका रूप, सुन्दरताबाट यौनाकर्षण बढ्दछ । नारीको व्यवहार, शारीरिक संरचना, अनुहार, पहिरन, श्रृङ्गारलाई देखेर पुरुषमा यौनाकर्षण बढ्दछ । यस्तै पुरुषको अवस्थाबाट नारीमा पनि यौनोत्तेजना प्रकट भइदिन्छ । भिन्न लिङ्गका यौन अवयवहरूको प्रदर्शनले पनि यौन भावना बढ्दछ । (पृ.२१-२७) यी यौन क्रियाका लागि महत्त्वपूर्ण मानिन्छन् । मूर्ति, चित्र जस्ता वस्तुहरू हेरेर पनि यौनेच्छा तीव्र बन्दछ ।

प्राक्क्रीडा सहित गरिने प्राकृतिक यौन कार्यलाई स्वाभाविक यौनवृत्ति मानिएको पाइन्छ । स्वाभाविक रूपमा यौनसन्तुष्टि नभएपछि व्यक्ति उत्तेजित भई अस्वाभाविक यौन कार्यतर्फ अग्रसर हुन्छ । व्यक्तिले सोचे अनुसारको यौन सन्तुष्टि प्राप्त गर्न नपाएपछि असन्तुष्टि उत्पन्न भई यौन विचलन प्रकट हुन्छ । समाज, धर्म र सांस्कृतिक सन्दर्भमा यौन कार्य अमान्य हुन सक्छ । कोलम्यानका अनुसार यौन विचलन आउनुमा यौनेच्छाको शिथिलता, बलात्कार, वेश्यावृत्ति, समलिङ्गी, स्वपीडन, परपीडन, हस्तमैथुन, यौनाङ्ग चूषण जस्ता कार्यहरू पर्दछन् । यस्तो प्रवृत्ति विकास हुनमा नारी-पुरुष दुवैमा काम शैथिल्य देखापर्दछ । इच्छानुसारको यौन सन्तुष्टि नहुनमा बाह्य एवम् मानसिक परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । लामो समयसम्म यौन सन्तुष्टि नभएपछि युवायुवति दुवैमा मनोद्वन्द्वका कारण स्वपीडन र परपीडन ग्रन्थिको विकास हुन्छ (भण्डारी, २०६३, पृ.१३९-४१) । व्यक्ति असन्तुष्टिका कारण विकृतखालको व्यवहार गर्नपुग्दछ ।

फ्रायडले विपरीत लिङ्गप्रति स्पर्श, भिन्न लिङ्गको वस्त्रधारण, पशुलैङ्गिकता पनि यौन विचलनका माध्यमहरू हुन् भनी चर्चा गरेका छन् । उनका अनुसार विपरीत लिङ्गले प्रयोग गरेको सामान, रुमाल, भित्री कपडालाई स्पर्श गर्ने, अरूलाई यौनाङ्ग देखाएर सन्तुष्टि लिने, अर्काको नाङ्गो शरीर हेरेर आनन्द लिने, कसैको यौनिक क्रिया लुकेर हेर्ने, अर्कालाई दुःख दिएर सन्तुष्टि लिने, आफूले आफैँलाई दुःख दिएर आनन्द मान्ने, बाल-बालिकालाई सम्भोग गरी सन्तुष्टि लिने सबै यौन विकृतिका कार्यहरू हुन् । यस्तै विपरीत लिङ्गीको शरीरमा आफ्नो शरीर घर्षण गरेर लिङ्ग परिवर्तनको इच्छा राख्ने, पशुभोग गर्ने, कार्यलाई पनि यसै अन्तर्गत राखिएको छ । यस्ता कार्यहरू कसैका लागि राम्रा भए पनि सबै व्यक्तिका लागि राम्रा मानिदैनन् । यौन विचलन विवाह पूर्वमात्र नभई पछि पनि देखापर्दछ । यस्तो अस्वाभाविक कार्यबाट जीवनलाई मनोरञ्जक बनाउन पनि अप्राकृतिक व्यवहार गरेको देखिन्छ (भण्डारी, २०५६, पृ.१४६-४८) । अप्राकृतिक कार्य हुनुलाई मनोरोग मानिएको छ ।

यौन सन्तुष्टिकै माध्यमबाट युवकमा मातृरति र युवतिमा पितृरति ग्रन्थिको विकास हुन्छ । पुरुष विपरीत लिङ्गप्रति आकर्षित हुने भएकाले युवक आमालाई माया, स्नेह गरेर आत्मिक सन्तुष्टि प्राप्त गर्दछ । यसलाई ओडिपस ग्रन्थि वा मातृरति ग्रन्थि भनिन्छ । यस्तो ग्रन्थिको विकासमा पितृविरोधी भावना वृद्धि भई ओडिपसले बाबुको हत्या गरेर आमासँग दाम्पत्य जीवन विताएको देखिन्छ । बालिकामा बाबुप्रतिको आकर्षण हुने भएकाले बाबुलाई बढी माया गर्दछन् । उनीहरू आमालाई आफ्नो प्रतिद्वन्द्वी मान्ने हुँदा पिताप्रतिको आकर्षण बढ्दछ । एगामेम्मेनलाई उसकी छोरी इलेक्ट्राले अतिमाया गर्दछे । यसलाई फ्रायडले इलेक्ट्रा वा पितृरति ग्रन्थि भन्ने नाम दिएका छन् (भण्डारी, २०६३, पृ.१५९) । यसरी व्यक्तिले सोचे अनुसारको यौन सन्तुष्टि अनुकूल वा प्रतिकूल अवस्थाबाट पूरा गर्दछ । व्यक्ति यौनिक चाहना पूरा गर्न द्वन्द्वरत हुन्छ । ऊ अतृप्त मानसिकताबाट पीडाग्रस्त भए पश्चात् परिशमनका निम्ति अस्वाभाविक कार्य पनि अवलम्बन गर्दछ ।

**ठिक/बेठिक कथाको विश्लेषण**

प्रस्तुत कथा विगतका घटना स्मरण गर्दै आरम्भ भएको पाइन्छ । मपात्रले हठका कारण पुरुषप्रति नकारात्मक धारणा राखेर जीवनको उत्तरार्धमा आएर ठिक गरैं कि बेठिक गरैं भन्ने तर्क गर्न लागेपछि आरम्भ भएको छ ठिक/बेठिक कथा । यो कथा जीवनका आन्तरिक अथार्थ पक्षसँग सम्बन्धित रहेको छ । भौतिक वस्तुबाट मात्र मानसिक सन्तुष्टि हुन सक्दैन, आन्तरिक रूपमा मानसिक सन्तुष्टि हुनु पर्दछ । यसमा समाजको प्रायः मध्यम वर्गको जीवनचित्रण भएको पाइन्छ । कथाभित्र यौन मनोविज्ञानको प्रयोग भएको छ । यहाँ फ्रायडद्वारा प्रतिपादित यौन मनोविज्ञानका माध्यमबाट नारी र पुरुषका अन्तर्मनमा रहेका यौनेच्छाको चित्रण रहेको भेटिन्छ । जन्मदेखि वृद्धावस्थासम्म व्यक्तिमा विभिन्न किसिमका कामेच्छाहरू प्रकट हुने गर्दछन् । तिनीहरू अचेतनबाट समय, समयमा चेतनमा प्रकट हुन पुग्दछन् भनी फ्रायडले यौनसम्बन्धी धारणा व्यक्त गरेका छन् । उनको यौनसम्बन्धी चिन्तनअनुसार कथाका पात्रहरूमा यौनेच्छा जाग्रत भएको पाइन्छ । समाजले अनैतिक, अश्लिल मानेर नैतिकताको सन्देश दिनखोजे पनि यौन प्रकृतिप्रदत्त वस्तु हो भन्ने मान्यताका आधारमा विश्लेष्य कथा आएको छ ।

हठपूर्वक इन्द्रिय नियन्त्रण गरेर मनले कामनालाई खोजिरहने व्यक्ति मिथ्याचारी हो भन्ने श्रीमद्भगवद्गीताको अध्याय दुई छैठौं श्लोकमा उल्लेख भएको कथनबाट ठिक/बेठिक कथा आरम्भ भएको पाइन्छ । यो कथामा कथयिताका रूपमा म पात्र रहेकी छ । ऊ यौवनावस्थासम्म आफ्नो रूप, वैभवको अहम् पालेर कामनालाई नियन्त्रण गर्दै बसेकी छ । यौन चाहना पूर्ति गर्ने अवसर प्राप्त होला भन्ने आशा गर्दा गर्दागर्दै उसको सातदशक उमेर समाप्त भएको छ । उसले पहिला कलेज अध्ययन गर्दा साथीहरूले सहज अवस्थामा यौनेच्छा पूरा गरेको कुरा स्मरण गर्दै वार्धक्य जीवन बाँचिरहेकी छ । जीवनभरी पुरुषको सान्निध्यताबाट अलग हुँदै आएकी हुँदा आफ्नो र साथीहरूको जीवन कुनचाहिँ ठिक हो भन्ने विचार प्रस्तुत छ ।

**म पात्र**

प्रस्तुत कथा विगतमा भएका घटनाको स्मरण गर्दै अविवाहित रहेर राम्रो नराम्रो के गरें भन्ने कुरा म पात्रका मनमा आइरहेको छ । सम्पन्न परिवारमा जन्मिएर हुर्किएकी हुँदा उच्च शिक्षा आर्जन गरेको देखिन्छ । ऊ जागिरका क्रममा अधिकृत भएर उच्चतहसम्म पुगी सेवानिवृत्त जीवन व्यतीत गरिरहेकी छ । घरमा एक्लै बसिरहँदा विगतका घटना स्मरण गर्न लागेपछिका प्रसङ्गलाई कथामा प्रस्तुत गरिएको छ । अन्तिम सत्य भनेकै शून्य रहेछ भन्ने बोध भएसम्म विस्तार हुनपुगेको छ । उसको स्वभाव बाल्यावस्थादेखि नै कडा भएका कारण विद्यार्थी अवस्थामा छात्रछात्राहरू कोही पनि साथी हुनसकेनन् । सानैदेखि रूप र सम्पन्नताको घमण्डले उसलाई सताएको छ । अहम्युक्त भावना कहिल्यै पनि परिवर्तन नभएका कारण ऊ जीवनसाथीको अभावमा एक्लो जीवन व्यतीत गरिरहेकी छ । उसलाई विगतको आफ्नो घमण्डका कारण शारीरिक सुन्दरताको वर्णन गरेर भए पनि पछिल्लो चरणमा मानसिक सन्तुष्टि लिइरहेकी छ । ऊ आफ्नो सौन्दर्य यसरी वर्णन गर्दछे -"गहुँ गोरोरङ । बाटुलो चेहरा । मुलायम र केस्रैकेस्रा परेको सुनौला कपाल...लाम्चा आँखा, चञ्चल र तुष्ट आँखा । बैसलाई सकेसम्म उदाङ्गो पारेर नङ्ग्याउन खोजेझैँ ब्लाउजबाट प्रस्फुटित भएर सुन्निदै, उचालिदै अग्लिएको छाती । आफ्नो नाङ्गिएको शरीर ऐनामा हेर्दा म आफैं मख्ख पर्ने ।" (कोइराला, २०८०, पृ ६९) उन्मत्त बैस आएको देखेर ऊ आफैं खुसी बन्दछे । मनोविज्ञानले आफ्नो सौन्दर्यलाई हेरेर मख्ख हुने स्वभावलाई नार्सिसिजम वा आत्मवाद भनेर उल्लेख गरेको पाइन्छ । आफूजति सुन्दर अरूकोही नभएको ठान्ने प्राचीन युनानी पात्र एकोहोरो पानीमा आफ्नो छाया देखेर खुसी हुँदाहुँदै थाहा नपाई पानीमा डुब्दछ (एलिस, २०६०, पृ.६०) । कथामा म पात्रलाई कलेजभित्र पुरुषसाथीहरूले भारतीय चलचित्रका नायिकासँग तुलना गर्दथे । अग्रजदेखि अनुजसम्मका युवाहरू प्रणयसम्बन्ध राख्न खोज्दथे । उसको भाइ बद्मास भएका कारण कुनै युवाले प्रेमप्रस्ताव राख्ने आँट गर्न सकेनन् । कलेजको साथी रमेश उसलाई घर पुऱ्याएर फर्कंदै गर्दा बद्मासहरूको समूहले कुटेर मरणासन्न अवस्थामा पुऱ्याएका थिए । त्यसपछि कुनै युवक पनि म पात्रसँग नजिक हुन चाहेनन् । उसको भाइ प्रकाश कलेजका प्रायः सबै छात्राहरूलाई आफ्नो बनाएर घुमाउन लैजाने काममा निरन्तर लागिरह्यो । रमेशको घटना सुनेर पनि 'म' पात्रसँग कसैले प्रणयप्रस्ताव राख्न सकेन ।

प्रकृतिले आफ्नो नियमानुसार 'म'पात्रलाई समयमै जवानी प्रदान गऱ्यो । उसको सौन्दर्यप्रति आकर्षित नहुने कोही पनि थिएनन् । उसले जीवनमा कसैलाई पनि आफ्नो साथी बनाउने आँट गर्न सकिन । आफूलाई देखेर सबै आकर्षित हुन्छन् । सहपाठी रमेश कुशाग्र र प्रज्ञायुक्त भएकाले मन परेको छ र उसले पनि आफूलाई मन पराउँछ भन्ने लागे पनि प्रेमसम्बन्धी दोहोरो कुरा हुनसकेन । चेतनमा घमण्ड गर्ने भए पनि अचेतनबाट यौनेच्छा सधैँ जागृत भएको उल्लेख गरेर कथामा म पात्रले सन्तुष्टि लिन खोजेकी छ । कलेजका युवा प्राध्यापकहरू उसको सौन्दर्यबाट बढी आकर्षित भएरै उसलाई धेरै अङ्क दिन्थे । म पात्रका निकट रहेकी सरला यौनसम्बन्धी धेरै

प्रसङ्ग निकै उत्साहका साथ उल्लेख गर्न रुचाउँछे । कहिल्यै त्यसरी बाह्य रूपमा यौनेच्छा व्यक्त गर्न नसके पनि उसको अन्तर्मन त्यसतर्फ केन्द्रित रहेको छ । उसले आफूलाई खुल्ला पुस्तकका रूपमा तुलना गरेकी छ । आफू थोरै बोल्ने स्वभाव भएको बताउँदै सरलाको स्वभाव विपरीत भएको बताउँछे -“म यौनको मामिलामा कडा, ऊ यौन र प्रेमको मामिलामा उदार । पन्ध्र वर्षकै उमेरमा यौन अनुभव लिइसकेको उसले बताई ।” (पृ.७१) कथामा म पात्र र सरलाको बाह्य स्वभावगत भिन्नता रहेको देखिन्छ ।

कलेजमा ‘म’ पात्रसँग रश्मी दोस्रो साथीका रूपमा देखापरेकी छ । ऊ पनि सरलाजतिकै यौनका सम्बन्धमा स्वतन्त्र हुन खोज्ने युवती भएको उल्लेख पाइन्छ । म पात्र साथीहरूको यौन व्यवहार देखेर भन्छे-“उमेरमा यौन भावना आउनु स्वभाविक हो । मलाई पनि आयो । जवान हुँदा मलाई लाग्दथ्यो, मलाई कसैले आफ्नो अँगालोमा बेरोस्, सुम्सुम्याओस् । माया गरोस्, म्वाइँ खाओस् ! कहिले कहीँ सपनामा कुनै अपरिचित युवकसँग समागम भएको देख्दथेँ । जब म बिउँझन्थेँ सिरानीलाई मैले अँगालोमा बेरेकी हुन्थेँ पसिनाले सारा शरीर निथ्रुक्क भिजेको, स्वासप्रस्वास बढेको हुन्थ्यो ।” (पृ.७२-७३) उसको अचेतनमा यौनेच्छा सशक्त भएको हुँदा सपनामा पूरा गर्न चाहेको देखिन्छ । फ्रायडका अनुसार बाल्यावस्था छँदा यौनाङ्ग सञ्चालन र यौनसँग सम्बन्धित जिज्ञासालाई अभिभावकबाट नियन्त्रण गरियो भने त्यो निषिद्ध यौन पछि गएर व्यक्त हुन पुग्दछ । चेतनले त्यसलाई निषेध गरे पनि अचेतनले इच्छा पूरा गर्ने समय खोज्दा उपयुक्त समय आउनासाथ सपनामा भए पनि यौनेच्छा पूरा गर्दछ (फ्रायड, सन्२००४, पृ.१९५) । म पात्र जीवनमा यौनसम्पर्कबाट अलग रहेकी हुँदा चिन्ताग्रस्त बनेकी छ । आफ्नै स्वभावले गर्दा कुनै पुरुषहरू ऊसँग निकट हुन सकेनन् । उसलाई विवाह गर्ने चाहना भएर पनि केटी पक्षबाट विवाहको प्रसङ्ग निकाल्न र केटो खोज्न नहुने भएकाले पनि अविवाहित बस्नु परेको कुराबाट पिरोलिएकी छ ।

बहिनीहरूले आफैँ जीवनसाथी छनौट गरी घरबार समाल्दै आएका छन् भने भाइले पनि विवाह गरेर सुखसँग जीवन व्यतीत गरिरहेको ठान्दछे । ऊ भाइकै डरले गर्दा आफूसँग कुनै पुरुषसाथी निकट हुन नसकेपछि अविवाहित जीवन यापन गरिरहेकी छ । यौनेच्छा परिपूर्ति नभएर अहम् (इगो) ग्रस्त बनेकी छ । कौमार्यावस्थासम्म अक्षत यौवनप्रति आस्था राख्दै आएकी र कठोर स्वभाव भएका कारण यौवनावस्थामा कुनै पुरुषले दृष्टि दिएनन् भन्ने पीडाबोध भएको देखिन्छ । छोरीमान्छे यौनका सम्बन्धमा कठोर हुनुपर्छ भन्ने शास्त्रीय मान्यतासँगै ऊ आफूले उमेर छँदै पुरुषको चयन गर्न नसकेर पश्चाताप भएको छ बताउँछे । मनमा यौनको चाहना भएर पनि लजालु र कठोर स्भावकै कारण अविवाहित रहेकी छ ।

**मपात्रमा अन्तर्निहित यौनरोग**

अध्ययन पूरा हुँदा नहुँदै जागिर खाने उद्देश्य राखेर प्राप्त गर्न सफल बने पनि पुरुषको सान्निध्यता प्राप्त गर्न नसकेकोमा चिन्ताग्रस्त बन्न पुगेकी छ । पाटितिर जाँदा आफूसमान वा आफूभन्दा माथिल्लो तहका पुरुषहरू निकट आउन खोज्ने, नृत्यतर्फ आकर्षित गर्नेहरू देखेर कठोर बन्ने गरेकी छ । ऊ सबै पुरुषहरूप्रति कठोर हुने भएकाले सज्जन, दुर्जन सबै टाढिने गरेको बताउँछे । यौनलाई शारीरिक सन्तुष्टिमात्र नभई मानसिक आनन्दानुभूति गराउने साधनका रूपमा लिने गर्दछे । उसलाई बाल्यावस्थादेखि नै चेतनले यौनलाई त्याज्य वस्तु ठान्दै आए पनि अचेतनमा स्विकार्न योग्य वस्तु हो भन्ने लाग्दछ । कार्यालयबाट वैदेशिक भ्रमणमा जाँदा पुरुषहरू यौनलोलुप दृष्टिले हेर्ने गर्दछन् भन्ने बुझेकी छ । उसलाई पैतिस वर्ष उमेर हुँदा पुरुषहरू माग्न आए तर ती सबै पचास कटेका, विधुर, सन्तान भइसकेका आए तर सबै उमेर मिल्दो खालका थिएनन् ।

जीवनको पूर्वार्द्ध सकिँदै जाँदा छोरीमान्छेलाई यौनका लागिमात्र नभएर समाजका लागि पनि पुरुषको आवश्यकता हुँदोरहेछ भन्ने कुराले उसलाई सताएको देखिन्छ । अविवाहित भएको देखेर सबै पुरुषको वासनायुक्त दृष्टि आफैँप्रति केन्द्रित भएजस्तो लाग्दछ । आफूलाई कसैले वासनात्मक रूपले नहेरोस् भनी नयाँ ठाउँमा जाँदा विवाहित झैँ शृङ्गार गर्ने शङ्कालु पात्रका रूपमा रहेकी छ । ऊ सिन्दुरलाई नारीहरूको सुरक्षाकवच ठान्ने अस्थिर स्वभावकी नारी हो । अहमयुक्त हठी स्वभावकी नारी पात्रका रूपमा रहेकी छ । मनोविज्ञानका अनुसार विकृत कामप्रवृत्ति भएको मानिस नैतिक चरित्रवान्, आदर्शवादी हुन्छ । उसको कामवासना विकसित हुन नदिनमा नैतिकता वा सौन्दर्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विकृत कामप्रवृत्तिका कारण व्यक्ति हठी घमण्डी बन्दछ (शुक्ला, सन्१९६९, पृ.१४३) । समाजलाई देखाउनकै लागि भए पनि नारीलाई पुरुष आवश्यक छ भन्ने भ्रम रहेको देखिन्छ । अविवाहित हो भन्ने बुझेर पुरुषहरू अनेक बाहना बनाएर थाहा नभएजस्तो गरी नजिक हुन्छन् भन्ने उसलाई लाग्दछ । व्यक्तिमा बाल्यावस्थाका लैङ्गिक इच्छाहरू र मानसिक सङ्घर्षसँग सम्बन्धित चाहनाहरू अपूर्ण हुँदा दमित भएर अचेतनमा रहेका हुन्छन् । ती कुनै कारणले चेतनमा आएभने विकृत रूप लिएर चेतनमा उपस्थित हुन्छन् (सिंह, सिंह, सन्२००२, पृ.२९१) । कथामा म पात्र यौनजन्य विकृत त्रास यसरी व्यक्त गर्दछे - “लोग्ने मान्छेको छेउमा पर्न मन नलाग्ने । लोग्ने मान्छे त्यसैत्यसै ठसठस गनाउने भीमसेनी बोका गनाए झैँ । सबै लोग्ने मान्छेले

कामलोलुप दृष्टिले मलाई नै हेरेझैँ लाग्ने । कार्यालयमा समेत लोग्नेमान्छे बस्ने कुर्सीमा म नबस्ने । ...मलाई लाग्दथ्यो त्यो पुरुष मानिस उठेको तातोतातो कुर्सीमा उनको वीर्य झरेको छ । म तत्कालै बस्ता त्यो वीर्य सम्बन्धित अङ्गमा टाँसिन्छ र बच्चा जन्मन सक्तछ" (कोइराला, २०८०, पृ.७५) । उसको यो आशङ्का सबै साथीहरूले थाहा पाए पनि केही भन्दैनन् । मनोविज्ञानका अनुसार विपरीत लिङ्गीको प्रेमबाट वञ्चित हुँदा मनोरोग लाग्ने गर्दछ । मानिस घृणा गर्न लाग्दछ भने उसलाई मनोरोगले सताएको बुझिन्छ । घृणाचाहिँ प्रेमको अभावमा आफैँ उत्पन्न हुने रोग हो (शुक्ला, सन् ११६०, पृ१७०) । उसलाई सानैदेखि आफू धेरै राम्री छु भन्ने अहम्ले सताएको देखिन्छ । कार्यालय र वरपर पुरुषहरूले हेर्दा, बोल्दा, हास्दा आफ्नै बारेमा कुरा चल्दैछ भन्ने शङ्का गर्दछे । पुरुषहरूका नजिक पर्दा आफू सुरक्षित छु भन्ने कुरामा विश्वास हुँदैन । अवसर पाउनासाथ पुरुषहरूले अँठ्याउँछन्, गिजोलेर कुरूप बनाउँछन् भन्ने भ्रमले सताउँछ । कार्यालयमा काम गर्दा भुल भएर स्पर्शमात्रै हुँदा ज्वरो आएजस्तो हुने गर्दछ । हिँड्दा, काम गर्दा पुरुषबाट अलगै बस्ने शङ्कालु पात्रका रूपमा रहेकी छ ।

'म' पात्रलाई पहिला यौवनको अहम्ले सतायो भने वृद्धावस्थातर्फ लाग्दै गएपछि पश्चातापको पीडाबोध भएको छ । ऊ विवाह गरेको भए श्रीमान् र सन्तान हुन्थे भन्ने कल्पना गर्दछे । उसलाई जीवनको उत्तरार्द्धमा पुगेर पनि बाह्य सुख, सन्तुष्टिभन्दा आन्तरिक सन्तुष्टि महत्त्वपूर्ण हुने रहेछ भन्ने लागेको देखिन्छ । अविवाहित रहेको कुरा यसरी व्यक्त गर्दछे-"म अहिले अक्षत यौवन कुमारी छु । कसले पत्याउँछ यो कुरा ? प्रकृतिप्रदत्त सुख भोग मैले कहाँ भोग्न पाएँ ?" (पृ.७७) समय छँदै यौवनको सुख भोग गर्ने व्यक्ति नै महान् हुँदो रहेछ भन्ने बुझेर पश्चाताप भएको पाइन्छ । उसलाई उमेरमा आफू राम्री छु भन्ने घमण्डले सतायो भने यौवन समाप्त भएपछि पुरुषसँगको सान्निध्यता पाइएन भन्ने चिन्ताले सताएको छ ।

**सरला**

सरला म पात्रसँगै कलेजमा अध्ययन गर्ने साथीका रूपमा रहेकी छ । ऊ यौनसम्बन्ध स्थापित गर्ने कार्यमा निपुण देखिन्छे । कथामा म पात्रले सरलाको व्यवहार यसरी उल्लेख गरेकी छ -"सरला भने प्रेमको, यौनको मामिलामा खेलाडी थिई । उसलाई केटाले होइन ऊ केटालाई फसाउँथी ।"(पृ.७१) ऊ साथीलाई आफ्नो व्यवहार, भावना सबै सुनाउने गर्दथी । गम्भीर स्वभावका सट्टा साथी छेउमा हुनासाथ आफ्ना कुरा सुनाउने पातलो शारीरिक बनावट भएकी हुँदा पुरुषजस्तै देखिने चरित्र हो । ऊ यौनका सम्बन्धमा उदार छ । उसले किशोरावस्थामै यौनानन्द प्राप्त गरिसकेकी छ । यौनमनोविज्ञाका अनुसार पुरुषका तुलनामा नारीहरूमा यौनेच्छा अधिक हुन्छ । यसो हुनुको कारण पुरुषमा विस्तारै विकसित भएर लामो समयसम्म रहने भएकाले धेरै समयसम्म यौनानन्द प्राप्त गर्दछन् (एलिस, २०६०, पृ.३५) । सरला पन्ध्र वर्षकै उमेरमा यौन अनुभव गरेको बताएर यौनकार्यलाई महत्त्व दिने चरित्र हो । ऊ नौ कक्षामा पुगेपछि दश कक्षाको छात्रसँग यौनकार्य सम्पन्न गरेको बताउँछे । व्यक्तिका प्राकृतिक इच्छा पूरा हुनमा सामाजिक मान्यताले अवरोध गरेको हुन्छ । दमित कामेच्छा स्वतन्त्र रूपमा पूरा गर्ने प्रवृत्ति नैतिक भावनको अवहेलनाका कारण विकसित हुने गर्दछ (शुक्ला, सन्१९६०, पृ.३३९) । सरलाले मनपरेको पुरुषबाट यौनेच्छा पूरा गरेको देखिन्छ । ऊ नैतिक पक्षलाई भन्दा मानसिक सन्तुष्टिलाई महत्त्व दिने नारी चरित्र हो ।

सरला एकपटकमा दुईतिनजना पुरुषहरूसँग प्रेमसम्बन्ध राख्न सक्ने क्षमता भएकी युवती हो । म पात्रका अनुसार कलेजमा सरला आइन भने कुनै पुरुषसँग कतै प्रणयसम्बन्ध गाँसिरहेकी छ भन्ने बुझिन्छ । ऊ नगरकोटतर्फका रिसोर्टहरूमा कामोत्तेजना शान्त गराउन लागेकी हुन्छे । सरला धेरै बोल्ने हुँदा गोप्य राख्नुपर्ने कुराहरू थाहा नपाउने हुस्सु र कामुक नारीका रूपमा रहेकी छ । स्नातकतह अध्ययन गर्दागर्दै धनाड्य युवालाई प्रेमपासोमा पारेर सुखद जीवन यापन गर्ने कामाशक्त नारी पात्र हो ।

**रश्मी**

प्रस्तुत कथाभित्र यौनलाई महत्त्व दिने पात्रका रूपमा रश्मी रहेकी छ । ऊ नेपालको दुर्गम गाउँबाट अध्ययनका निम्ति सहर आएकी छ । उसको शारिरीक संरचना आकर्षक नभएर ठिकैखालको मात्र रहेको छ । यौनलाई स्वतन्त्र रूपमा प्रयोग गर्ने नारी पात्रका रूपमा रहेकी छ । रश्मी अविवाहित अवस्थामै पुरुष साथीसँग काठमाडौंको एउटै कोठामा बसेर पढ्नेक्रममै यौनकार्यमा संलग्न रहेकी देखिन्छे । उसले यसरी नै प्रवीणता प्रमाणपत्रतह पूरा गरी स्नातकसम्म अध्ययन गरेको छ । म पात्र रश्मीको अवस्था खोतल्दै भन्छे "सँगै बस्नुमात्र होइन । एउटै ओच्छ्यान सेयर गरेर बुढाबुढी नै भएर बसेकी अरे ।...यसैगरी उनीहरूले चारपाँच वर्ष विताए ।" (पृ.७२) ऊभित्र उमेरसँगै विकसित हुने यौनचाहना पूरागरेपछि स्वच्छ मानसिकताको विकास भएको छ । उसलाई निरन्तर अध्ययनमा लाग्न यौनसम्बन्धले साथ दिएको पाइन्छ । मनोविज्ञानका अनुसार समाजले स्वतन्त्र रूपमा अविवाहित नारीपुरुष साथै बस्नुलाई घृणा गरेर वेश्यावृत्ति मान्दछ । स्वतन्त्रतापूर्वक अस्थायी

रूपमा गरिने यौनकार्यलाई अपराध माने पनि बलात्कार होइन । दुवैको सहमतीअनुसार यौन क्रिया सम्पन्न गर्नु अपराध होइन । यस्तो सम्भोग कार्य विवाह पूर्व वा विवाहेत्तर अवस्थामा सम्पन्न हुनुलाई वेश्यावृत्ति मानिदैन (भण्डारी, २०६३, पृ.१४२) । रश्मीले आपसी सहमतीमै पुरुष साथीबाट अलग भएर विवाह सम्पन्न गरेकी छ । ऊ स्वतन्त्र रूपमा यौनेच्छा पूरा गरेपछि अध्ययन समाप्त गर्न सफल भएर सहमतीमा अर्कै पुरुषसँग विवाह गर्दछे । म पात्रका अनुसार पछिल्लो समय रश्मी सहरको सम्पन्न र सुखद जीवन बाँचेकी छ ।

प्रस्तुत कथामा म पात्र बाह्य रूपमा यौनलाई घृणा गरे पनि अचेतनद्वारा स्विकार्दछे । ऊ सुरुमा रूपको अहम् पालेर पुरुषलाई वास्ता गर्दिन भने पछि गएर नारीलाई पुरुषको साथ आवश्यक भएको ठान्दछे । भौतिक सम्पन्नताले मात्र जीवन आनन्दित हुन नसक्ने बुझे पनि आत्मिक सन्तुष्टिको अभावमा एक्लो जीवन बाँचिरहेकी छ । कलेज पढ्दाका सरला र रश्मिले यौनलाई स्वतन्त्र रूपमा ग्रहण गरेको स्मरण गर्दै बसे पनि उसलाई दाम्पत्य सुखभोगको अभाव रहेको छ । म पात्र विगतका घटना र साथीहरूको व्यवहारका प्रसङ्ग स्मरण गर्दै आफ्नो वृद्धावस्थालाई नियालिरहेकी छ ।

**निष्कर्ष**

ठिक/बेठिक कथा युवायुवतीमा विकसित यौनप्रसङ्गमा केन्द्रित रहेको छ । हठपूर्वक इन्द्रियलाई नियन्त्रण गरेर भौतिक सम्पन्नतामा रमाउँदामात्र मानिसको जीवन सन्तुष्ट बन्न सक्दैन । स्वतन्त्र रूपमा यौनभोग गर्ने र पुरुषसंसर्गबाट अलग रहने नारीमध्ये कसको व्यवहार ठिक हो भन्ने चिन्तनमा आधारित छ । स्वतन्त्र रूपमा यौनतुष्टिमा रमाउनेभन्दा जीवनभर पुरुषलाई घृणा गर्नेको जीवन समाजमा एक्लो बन्दछ । प्राकृतिक रूपमा विकसित  यौनतृष्णाबाट अलग हुने व्यक्तिको जीवन सहज हुनसक्दैन । कथाभित्र सहज रूपमा मानसिक चाहना पूर्ण भएमात्र जीवन सन्तुष्ट बन्न सक्छ भन्ने फ्रायडको यौनमनोविज्ञानको प्रयोग भएको छ । यौनेच्छा पूर्ति कसैले सहज रूपमा गर्दछन् भने कोही रूपसौन्दर्य र सम्पन्नताको अहम् पालेर आफूसमान व्यक्तिको छनौट गर्दागर्दै यौन बुभुक्षा अतृप्त रही जीवनभर एक्लै बस्नुपर्ने हुन्छ । जीवनका लागि भौतिक सुख, सन्तुष्टिभन्दा पनि मानसिक आनन्द महत्त्वपूर्ण  हुन्छ । अर्काले सहज अवस्थामा भौतिक र मानसिक सन्तुष्टि प्राप्त गर्दा आफू असन्तुष्ट भएर बाँच्नु परेको पीडा बोध गर्ने 'म' पात्रको जीवन चिन्ताग्रस्त बन्न पुगेको छ ।

प्रस्तुत कथामा सरला किशोरावस्था लाग्दा नलाग्दैदेखि नै पुरुष साथीहरूसँग इच्छानुसार सम्भोग कार्यमा संलग्न हुँदै आएकी छ । उसले यौनभोग पैसाका लागिमात्र नभएर मानसिक एषणामात्र पूरा गरेकी हो । रश्मी पनि गाउँबाट सहर गएर गाउँकै पुरुषलाई साथमा राखेर बसेकी छ । कलेज अध्ययन समाप्त नगर्दासम्म एउटै ठाउँमा दम्पतीझैँ भएर बसे पनि अध्ययन कार्य पूरा भएपछि सहमतिमा अर्कै पुरुषसँग वैवाहिक बन्धनमा आबद्ध भएर पूर्व प्रेमीलाई साथीका रूपमा व्यवहार गरेकी छ । कथाकी 'म' पात्र बाह्य रूपमा यौनभोगलाई बर्जित गरे पनि अचेतनबाट पुरुषको सान्निध्य चाहिरहेकी हुन्छे । ऊ रूपसौन्दर्य भएको अध्ययनशील र सम्पन्न पुरुषको चाहना गर्दै आए पनि सोचेअनुसारको वातावरण नमिलेर अविवाहित अवस्थामा रहेकी छ । उसको अहमयुक्त स्वभाव र भाइको कुटपिट गर्ने दुष्ट व्यवहार बुझेर पुरुषहरू अलग भएको सङ्केत कथामा रहेको छ । वृद्धावस्थामा पुगेपछि इच्छानुसार यौन तृप्त गरेका र असन्तुष्ट अवस्थामै रहेकाहरूमा कुनचाहिँको जीवन ठिक भन्ने तर्क गर्दै बसेकी छ । यो कथाले समयअनुसारको मानसिक चाहना पूर्ति गर्नु ठिक हो र बाह्य रूपमा हठ गरेर आन्तरिक रूपमा त्यसकै चिन्तन गर्नु ठिक होइन भन्ने कुरालाई महत्त्वका साथ प्रस्तुत भएको पाइन्छ ।

**सन्दर्भसूची**


एलिस, हेब्लक. (२०६०). *यौनमनोविज्ञान.* अनु. मधूसुदन पाण्डेय. काठमाडौंः पैरवी प्रकाशन ।

कोइराला, शारदाप्रसाद. (२०८०). *ठिक/बेठिक.* झापाः सुसेली साहित्यिक परिवार ।

ज्ञवाली, भगवानचन्द्र. (२०६३).*असामान्य मनोविज्ञान.* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

फ्रायड, (सन्२००४). *मनोविश्लेषण* अनु. देवेन्द्रकुमार. दिल्लीः राजपाल एन्ड सन्स ।

भण्डारी, कृष्णप्रसाद. (२०५६). *फ्रायड र मनोविश्लेषण.* ललितपुरः साझा प्रकाशन ।

(२०६३). *मनको रोग.* ललितपुरः साझा प्रकाशन ।

वर्मा, रामपालसिंह.(सन्१९८२). *नैदानिक मनोविज्ञान.* आगराःः विनोद पुस्तक मन्दिर ।

शुक्ला, लालजीराम. (सन्१९६०). *नवीन मनोविज्ञान.* पूनर्मु. वाराणसीः नन्दकिशोर एन्ड ब्रदर्स ।

, (सन्१९६९). *अध्यात्म मनोविज्ञान.* वाराणसीः नन्दकिशोर एन्ड ब्रदर्स ।

सिंह, अरुणकुमार तथा सिंह, आशीषकुमार. (सन्२००२). *मनोविज्ञान के सम्प्रदाय एवं इतिहास.* दिल्लीः मोतीलाल वनारसी दास ।